निर्णय नं. १

जिल्लाको कोभिड-१९ संक्रमणको अवस्था उपचारको व्यवस्था र जिल्लामा संक्रमण नियन्त्रणका लागि भएका प्रयास बारे जिल्ला स्वास्थ्य कार्यालय अस्पतालको मे.सु. र प्रमुख जिल्ला अधिकारीबाट जानकारी भयो।

निर्णय नं. २

स्थानीय स्तरमा गठित "नागरिक निगरानी समुह " मा सबै दलहरुले आ-आफ्नो तर्फबाट प्रतिनिधित्व गराउने । उक्त समुहले आ-आफ्नो टोलमा कोभिड-१९का संक्रमण भए नभएको तथा त्यसको व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।

निर्णय नं. ३

यस जिल्लाको मित्र राष्ट्र भारतसँग खुला रहेको कुनौली नाकाबाट संक्रमित आउने संभावनालाई दृष्टिगत गरी राजबिराजबाट कुनौलीसम्म विहान ९:०० बजे देखि साँझ ६:०० बजे सम्म मात्र मोटरसाइकल, सिटी, अटो लगायतका सवारी साधन आवत-जावत गर्न पाउने । कुनौलीबाट राजबिराज बाहेक कुनौलीबाट लामो दुरीमा संचालन हुने बस (जिल्ला भित्र तथा बाहिरका समेत) संचालन गर्न रोक लगाउने।

निर्णय नं. ४

नेपाल सरकारको मिति २०७८।०१।०६ को निर्णयानुसार २५ जना भन्दा बढी भेला भएर संचालन गरिने विवाह ब्रतबन्धमा भोज भतेर नियन्त्रण गर्ने, हाट बजारमा सामाजिक दुरी कायम गरी २५ जना भन्दा बढी भेला जम्मा हुन नदिने।

निर्णय नं. ५

राजनैतिक दलले २५ जना भन्दा बढी भेला जम्मा भएर गरिने कुनैपनि राजनैतिक कार्यक्रम संचालन नगर्ने, २५ जना भएको राजनैतिक कार्यक्रम संचालन गर्दा Health Protocol पूर्ण रुपमा पालना गर्ने।

२०७८।१।१३

प्रशासकीय अधिकृत